


के तपाईंको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ ३० गते मंगलबार ❑ 13 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## मर्दि हिमाल नजिकको काप्रे भिरमा हनि हन्टिङ

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

कास्कीको माछापुच्छ्रे गाउपालिकाको काप्रे भिरमा यस बर्ष हनि हन्टिङ गरिएको छ। सिधिङ युनाइटेड क्लबको आयोजनामा माछापुच्छ्रे गाउँपालिका वडा न ९ को समन्वयमा आइतबार र सोमबार हनि हन्टिङ गरिएको माछापुच्छ्रे ९ का वडा अध्यक्ष हरि बहादुर क्षेत्री (राजेन्द्र) ले बताउनु भयो ।

यस बर्षको जेठ महिनाको अन्तिम साता र बर्षाद भएको कारण अपेक्षाकृत मह संकलन नभएको उहाँले बताउनु भयो। हनि हन्टिङको पहिलो दिनमा करिब २० लिटर र दोश्रो दिन सोमबार भने ४० लिटर मह संकलन भएको अध्यक्ष राजेन्द्रले बताउनु भयो । संकलित मह हनि हन्टिङ कार्यक्रममा सरिक भएकाहरुलाई र बचत भएको केही मह बिक्री गर्ने योजना रहेको उहाँले बताउनु भयो । काप्रे भिरमा यस बर्ष भने १८ वटा घार भएको बताउनु भएको अध्यक्ष राजेन्द्रले यस अघि ८ देखि १३ वटा मात्र भिर मौरीको घार हुने गरेको दाबी गर्नु भयो । यस बर्ष बर्षादले गर्दा काप्रे भिरबाट १४ वटा घारको मात्र मह काड्न सकिएको उहाँले बताउनु भयो । ठुलो भिरमा र बाँकी रहेको काप्रेर भिरको मह आगामी असोजमा काड्ने अध्यक्ष राजेन्द्रले बताउनु भयो। बर्षको दुई पटक जेठ/असार र असोज/कार्तिकमा उक्त क्षेत्रमा मह काड्ने प्रचलन रहेको छ। अघिल्लो बर्ष उक्त क्षेत्रमा मह नकाडेका कारण यसपाली वडाको समन्वयमा भएको हो। भिर मौरिको सिकार गर्नु



निकै चुनौति र जोखिमपूर्ण रहेको उहाँले बताउनु भयो । हालसम्म गर्मि रहेकाले मह काट्न लागिएको बताउनु भएको उहाँले जेठ असारमा काटेको भिर मौरि अलि खतरा हुने जनाउनु भयो । यस मौसमको जगलमा प्राकृतिक रुपमा फुल्ने विभिन्न फुलहरुका कारण र भौगोलिक रुपमा पनि अझ यो बढि उचाइमा रहेको कारण यसलाई लाग्ने महको रुपमा पनि लिईन्छ । आइतबार मह काड्ने समयमा सुरुको एक घण्टा जसो मौरीले केही समय तनाव दिएको र सहभागी अधिकांशलाई मौरीले समेत टोकेको कार्यक्रम संयोजक अमृत तामाङले बताउनु भयो । भिर मौरीको चाका खानु भएको अमृत आफै लठ्ठीयर स्थानियले उहाँलाई सिदिङ सम्म ल्याउनु भएको थियो । लाखौको सङ्ख्यामा रहेका मौरीको घार भन्दा तल्लो भागमा आगोको धुला लगाय पछि मौरी भागभाग हुन सुरु हुन्छ घार भन्दा बाहिर (चरन) मा गएका मौरीले कहिलेकाहिँ टोक्ने गरेको स्थानियले बताउनु भएको छ। वडा अध्यक्ष राजेन्द्रले उक्त कार्यक्रम पर्यटकीय आकर्षणको केन्द्र बन्न सक्ने दाबी गर्नु भयो । उहाँले भन्नु भयो "भिरमा प्राचिन तरिकाले जसरी मह काडिथ्यो त्यसरी नै काडिने छ, जुन कुरा नयाँ पुस्ताका लागि नौलो हुनेछ, मर्दि हिमाल ट्रेक तथा माछापुच्छ्रे नमुना पैदल मार्गको सगंम स्थान भनेर बुझिएको मह भिर पदमार्गमा आउने पर्यटकका लागि समेत नयाँ गन्तव्य हुनसक्छ ।" मौरीको मह काट्नका लागि चिना हेराई भिरमा भेडाको पाठोको भोक दिने प्रचलन पनि चल्दै पाइन्छ । स्थानिय ६२ बर्षीय उमनाथ गौतम र उहाँका छोरा चिम नारायण गौतम परिवारले जोखिम मोलेरै झ्याङको सहायतामा परम्परागत प्रविधिमा मह काड्दै आउनु भएको छ । मानव बस्ती रहेको तल्लो सिदिङ देखि कोप्रे भिर र ठुलो भिर क्षेत्रमा कठिनपूर्ण दुई घण्टाको पैदल यात्रामा पुग्ने गरिन्छ । चालु आर्थिक बर्षमा वडाबाट हनि हन्टिङ कार्यक्रम सहित बाटो मर्मत संहारको लागि एक लाख रुपैया मात्र विनियोजन भए पनि उक्त रकम निकै न्यून भएको वडा अध्यक्ष राजेन्द्रले बताउनु भयो । भिरमा डोरीको सहायतामा झ्याङ (डोरी र डण्डीको भर्‍याङ) मा चढेर स्थानिय गौतम परिवारले तोथ्रो, दाविल्लो, टोकरीको सहायतामा हनि हन्टिङ गर्दै आउनु भएको छ । भिर मह अचुक औषधिको रुपमा प्रयोग हुने हुदा प्रति लिटर ७ हजारसम्म बिक्रि हुने गरेको स्थानिय चन्द्र बहादुर क्षेत्रीले बताउनुभयो ।

## गण्डकीका प्रदिपसहित चार खेलाडी एसियन छनोटमा

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

गण्डकीका खेलाडी प्रदिप खड्का १९ औं एसियन गेम छनोटमा परेका छन् ।

लन टेनिस खेलाडी प्रदिपसहित चार खेलाडी छनोट भएका हुन् । चीनको होङझावमा आगामी सेप्टेम्बरमा हुने १९औं एसियन गेममा नेपालको नम्बर वान टेनिस खेलाडी समेत रहेको गण्डकीका प्रदिप सहित पोखरामा जन्मिएर स्पेनमा टेनिस खेल्दै आएका विश्व वारियतामा पर्न सफल नेपाली खेलाडी अभिषेश बास्तोला पुरुषतर्फ छनोट भएका हुन । बास्तोला गण्डकीमा जन्मिएपनि उनले गण्डकीको प्रतिनिधित्व गरेका छैनन् तर विभिन्न राष्ट्रहरुमा अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिरहेका छन् । अभिषेक पहिलो पटक नेपालको प्रतिनिधित्व गर्दैछन् । प्रदिप गण्डकीकै उत्पादन हुन् । उनले नवौं राष्ट्रिय खेलकुदमा समेत गण्डकीलाई तीन स्वर्ण दिलाएका थिए।यस्तै साफ च्याम्पियनसिपमा समेत नेपाललाई पदक दिलाएका थिए । यस्तै महिलातर्फ अभिलाषा विष्ट र माहिका राणा छनोट भएका छन् । एसियन गेममा टेनिस तर्फ पदक आउने प्रवल सम्भावना समेत रहेको छ।



एसियन गेमका लागि छनोट हुन पाउँदा निकै खुसी लागेको प्रदिपले बताए । उनले एसिएन खेल्ने आफ्नो सपना पुरा हुने दिन आएको सुनाए । 'यो मेरो ड्रिम हो । पहिलो पटक खेल्दैछु' प्रदिपले भने, 'तीन महिनाको कष्टकर मिहेनतको फल मिलेको छ। अब देशलाई पदक दिलाउन लाग्नेछु ।' प्रदिपले अभिषेश विदेशमा खेलेर आएकाले आफुले धेरै कुरा सिक्ने मौका पाएको समेत बताए । 'अभिषेक नेपालको प्रशिक्षण भन्दा फरक प्रशिक्षणबाट आएको खेलाडी हो । यस पटक केहि राम्रो हुने आशा पनि गरेको छु ।' उनले भने । नेपालले टिम इभेन्ट, मेन्स सिगंल र मेन्स डबल, वुमन सिगंल, वुमन डबल्समा प्रतिस्र्धा गर्नेछन् । प्रदीप आफ्नै खर्चमा काठमाण्डौंमा रहेका छन् । 'खर्च निकै महंगो छ । प्रति घण्टाको दरले रकम दिनुपर्छ ।' उनले भने । एक खेलकर्मीका अनुसार गण्डकीको खेलाडी जो पदकको सम्भावना बोकेपनि प्रदेश तथा स्थानीय सरकारले केहि नगरेको गुनासो पोखे । उनले प्रदिपजस्ता खेलाडीलाई प्रदेशले लगानी गर्न आवश्यक रहेको समेत सुनाए । 'प्रदेश सरकारलाई त थाहा पनि छैन होला गण्डकीको खेलाडी एसिएन गेममा छनोट भएको कुरा ।

प्रदेश सरकारमा त पहुँच हुनेवालाले मात्रै सेवा सुविधा लिन सक्छन्। टिम इभेन्टलाई मात्रै हेर्ने दृष्टिकोण छ' खेलकर्मीले भने,'यो खेल पदकको सम्भावना भएको खेल हो । यो पटक त अझ गण्डकीका दुई खेलाडी छन् भलै अभिषेकले प्रदेशको प्रतिनिधित्व गरेर खेलेका छैनन् तर उनको घर गण्डकी नै हो ।' छनोट भएका खेलाडी अब तीन महिना बन्दसत्रमा रहनेछन् ।

## पोखरा विश्वविद्यालय र महर्षि इन्टरनेशनल युनिभर्सिटीबीच सम्झौता

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

पोखरा विश्वविद्यालय र महर्षी इन्टरनेशनल युनिभर्सिटी अमेरिकाबीच व्यक्तिगत रूपान्तरण तथा वैदिक दर्शनलगायत चेतनामा आधारित शिक्षाका सम्बन्धमा एक समझदारीपत्रमा हस्ताक्षर भएको छ।

पोखरा विश्वविद्यालयका तर्फबाट उपकुलपति प्रा डा प्रेमनारायण अर्यालरमहर्षीइन्टरनेशनलयुनिभर्सिटीका प्रेसिडेन्ट डा जोन हेगेलिनले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो । दुई विश्वविद्यालयबीचको सम्झौतासँगै आधारभूत चेतना, शिक्षा र मानव जीवनमा व्याप्त युगौं पुराना समस्या समाधान गर्न सक्रियरूपमा नयाँ प्रविधि खोज्दै र यी प्रविधिलाई नेपालका युवामाझ पुऱ्याउन सहयोग पुग्ने विश्वास लिइएको पोखरा विश्वविद्यालयका सूचना अधिकारी लोकप्रसाद ढकालले बताउनुभयो । चेतनामा आधारित शिक्षाले आत्म-ज्ञानको अनुभूति दिलाउने र यसले सिकाइ धेरै सन्तोषजनक, सान्दर्भिक र रोमाञ्चक तुल्याउने हुँदा विद्यार्थीको भित्री प्रतिभालाई उजागर गर्न मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ । समझदारीपछि


बाँकी अन्तिम पृष्ठमा ▶▶





# गणेशमान पालिखेको १८ औं स्मृति दिवस

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ



त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्कायका डिन प्रा.डा. डिल्लीराज शर्माले गणेशमान पालिखेको पदचाप पछ्याउने हो भने जनप्रियले शैक्षिक संस्थालाई राजनीतिक द्वन्द्वबाट मुक्त गर्नुपर्ने सुझाए।

मानित विश्वविद्यालयतर्फ उन्मुख जनप्रिय बहुमुखी क्याम्पसका संस्थापक क्याम्पस प्रमुख गणेशमान पालिखेको १८ औं स्मृति दिवसका सन्दर्भमा बोल्दै प्रा.डा. शर्माले जनप्रिय क्याम्पस मात्रै होइन त्रिभुवन विश्वविद्यालय, पोखरा मात्रै होइन नेपालभरि कै शिक्षा क्षेत्रमा व्यवस्थापन सङ्कायको खाँचो पुष्टि गर्दै काठमाडौं बाहिर पहिलो पटक पोखरामा बिबिए कार्यक्रम ल्याएको स्मरण गरे। पब्लिक क्याम्पस सङ्घको संस्थापक अध्यक्ष भएर मुलुकभरि सामुदायिक क्याम्पसको स्थापना र सञ्चालनमा पालिखेले गरेको योगदान संझनालायक भएको बताए। क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष विरेन्द्रनारायण विजुक्छेले पालिखेलाई स्मरण गर्दै भने, २०३९ सालमा पृथ्वीनारायण क्याम्पसमा म उहाँको चेला थिएँ, २०४८ सालमा जनप्रिय क्याम्पस स्थापना भएपछि साथी भएँ, त्यो समय स्वर्णकाल थियो । उहाँ क्याम्पस प्रमुख र म जनप्रतिनिधि हुँदा भवन निर्माणका क्रममा सँगै मुद्दा खेपेका छौं । क्याम्पस कै लागि ज्यानको आहुति दिएका पालिखे शिक्षा मै सहादत पाएका व्यक्तित्व भएको जानकारी दिए । संस्थापक उपाध्यक्ष हरिप्रसाद बराल, सल्लाहकार विष्णुप्रसाद बराल, सिर्जना विकास केन्द्रका अध्यक्ष कृष्णबहादुर थापा, निवर्तमान क्याम्पस प्रमुख कृष्णबाबु बराल, पब्लिक क्याम्पस प्राध्यापक सङ्घका अध्यक्ष विकास थापामगर, कर्मचारी सङ्घ जनप्रिय इकाइका अध्यक्ष देवी पनेरु, प्राध्यापक शिव केसी, सुरेश रानाभाट लगायतका वक्ताले क्याम्पसलाई मानित विश्वविद्यालय बनाउनका निम्ति संस्थापक क्याम्पस प्रमुख पालिखेले जस्तै क्याम्पसलाई केन्द्रमा राखेर कार्यसम्पादन गर्नुपर्ने विचार राखेका थिए।

विश्वविद्यालय अनुदान आयोगबाट दुई पटकसम्म गुणमापन तथा प्रत्ययानको प्रमाणपत्र पाउन र शिक्षा मन्त्रालयबाट दुई पटक मुलुकभरिका सामुदायिक क्याम्पस मध्ये उत्कृष्ट पुरस्कार प्राप्त गर्न सफल क्याम्पसको मेरुदण्डका रूपमा पालिखेले खेलेको भूमिका स्मरण गर्न लायक छ । स्वर्गीय पालिखेको संझनामा बिबिए तथा पुस्तकालय भवनलाई गणेशमान पालिखे स्मृति भवन नामाकरण यसअघि नै गरिएको छ । गतवर्ष गणेशमान पालिखेकी धर्मपत्नी गङ्गादेवी पालिखेले पति गणेशमानको संझनामा परिवारका तर्फबाट ४ लाख रूपैयाँको अक्षयकोष स्थापनाको गरेकी थिइन । उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक र कर्मचारीलाई पुरस्कृत गर्ने उद्धेश्यले कोष स्थापना गरेकी थिइन । २०६२ जेठ २९ गते तत्कालीन विद्रोही समूहले गणेशमान पालिखेलाई उनकै निवास अगाडि नागढुङ्मा गोली हानी हत्या गरेको थियो । शिक्षामै सहादत प्राप्त गरेका कारण सरकारले उनलाई शैक्षिक सहिद घोषणा गरेको हो । कास्की जिल्लाबाट २०२२ सालमा एम.कम. पास गर्ने उनी पहिलो व्यक्ति हुन। २०२३ सालमा पश्चिम जर्मनीबाट औद्योगिक व्यवस्थापनमा स्नातक गरेका पालिखेले २०३० देखि २०३२ सालमा पृथ्वीनारायण क्याम्पसको प्रमुख भएर काम गरेका थिए। २०४६ सालमा स्वेच्छिक अवकाश लिएपछि उद्योगमा होमिएका पालिखेलाई जनस्तरबाट स्थापित जनप्रिय बहुमुखी क्याम्पसको संस्थापक क्याम्पस प्रमुखका लागि प्रस्ताव गरेपछि १४ वर्ष निरन्तर क्याम्पस हाँकेका थिए।

१८ औं स्मृति दिवसको छेको पारेर जनप्रिय बहुमुखी क्याम्पसले पछ्याउन पर्ने गणेशमान पालिखेका पदचापहरू विषय अन्तरक्रिया कार्यक्रमको उद्धेश्यमाथि प्रकाश पार्दै क्याम्पस प्रमुख लोकराज भण्डारीले स्वागत मन्तव्य राखेका थिए । क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष विरेन्द्रनारायण विजुक्छेको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन सहायक क्याम्पस प्रमुख रमेशबहादुर खड्काले गरेका थिए।

## पोखरा...

दुवै संस्थाले शैक्षिक गतिविधिलाई मिलेर काम गरी समुदायलाई शिक्षण, अनुसन्धान र सेवामा सहयोग प्रवर्द्धन गर्नेछन् । यसका लागि सहकारी अनुसन्धान र शिक्षणमार्फत विद्यालय शिक्षा प्रवर्द्धन गर्न कार्यक्रम/परियोजना विकास गर्ने, शैक्षिक सहयोग प्रवर्द्धन गर्न गतिविधि विकास गर्ने, शिक्षक, कर्मचारी, विद्यार्थी तथा बृहत् समुदायका लागि संयुक्त कार्यशाला र सम्मेलन/प्रशिक्षण गर्ने, शिक्षक, विद्यार्थी एवं कर्मचारी आदानप्रदान कार्यक्रम र विश्वविद्यालयबीच संयुक्त प्रशिक्षण कार्यक्रमका लागि अन्वेषण तथा कार्य गरिनेछ।

# पोखरा ३३ मा उद्घोषणकला तथा भाषणकला तालिम

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

पोखरा ३३ मा चार दिवसीय उद्घोषणकला तथा भाषणकला तालिम सोमबार सम्पन्न भएको छ।

पोखरा महानगरपालिका वडा नम्बर ३३ वडा कार्यालयको आयोजनामा भएको तालिम पोखरा ३३ को वडा कार्यालय, भरतपोखरी स्वास्थ्य चौकी डाडाँगाउँ र उपल्लो पुडीटारमा गरी तीन ठाउँमा एकसाथ आयोजना गरिएको थियो । वडामा रहेका महिलाहरुको नेतृत्व तथा व्यक्तित्व क्षमता विकास गर्नको लागि गत शुक्रबारबाट आयोजना गरेको तालिममा वडामा रहेका विभिन्न आमा समुहबाट ८० जनाले सहभागिता जनाएको वडा सचिव युवराज पौडेलले जानकारी दिए। जसअनुसार वडा कार्यालयमा २९ जना, पुडीटारमा २३ जना र भरतपोखरी स्वास्थ्य चौकी डाडाँगाउमा २८ जना सहभागी बनेका थिए । आगामी दिनमा यस्ता तालिमका कार्यक्रमलाई निरन्तरता दिदै महिलाको क्षमता विकासमा वडाले हरपल साथ दिने वडाध्यक्ष रामचन्द्र अधिकारीले बताए । यस अगाडि वडाले महिलालाई लक्षित गरेर ढाका बुन्ने तालिम, कृषि तालिम, साबुन पानी तालिम, कृष्टलका चुरापोते लगायतका तालिम समेत सम्पन्न गरेको उनले बताए । आगामी आर्थिक वर्षको लागि केही नयाँ कार्यक्रम ल्याउने तयारी गरिएको समेत उनले खुलाए । हरेक टोलमा पुगेर अन्तरक्रिया कार्यक्रम आयोजना गरेर समेत यहाँको आवश्यकता के हो भन्ने पहिचान गर्ने गरिएको उनको भनाई थियो । तालिम कार्यक्रमको आयोजना गर्नुको उद्धेश्यबारे वडा सदस्यहरु विनोद भण्डारी, प्रकाश कार्की, दुर्गा थापा केसी, लिलादेवी नेपालीले सहभागीमाझ प्रकाश पारेका थिए । सबैजनालाई सहज होस् भनेर तीन ठाउँमा कार्यक्रम आयोजना गरिएको उनीहरुले बताए । सिकेका सिपलाई समुहका अन्य सदस्यलाई हस्तान्तरण गर्न सहभागी समक्ष उनीहरुको आग्रह थियो । तालिममा सहभागी रमा गौतम, आकृती आचार्य, शान्तिदेवी आचार्य लगायतले यस्ता तालिम कार्यक्रलाई निरन्तर आयोजना गर्न वडासँग अनुरोध गरें । चार दिने तालिमले सबैको अगाडि गएर निर्धक्कका साथ आफ्नो भनाई राख्न तथा विभिन्न शैलीका कार्यक्रम सहज तरिकाले सञ्चालन गर्ने क्षमता थपेको बताए । तालिम मार्फत प्राप्त ज्ञानलाई व्यवहारिक जीवनमा प्रयोग गर्ने उनीहरुको प्रतिवद्धता थियो। तालिममा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, महासंघका पूर्व केन्द्रिय सदस्य सुष्मा पौडेल, महासंघ कास्की उपाध्यक्ष जमुना शर्मा वर्षा र नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका महासचिव राजाराम पौडेलले सहजीकरण गरेका थिए।

# प्रवर्द्धन टोलीद्वारा विभिन्न स्थानमा अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ



मिलेनियम ट्रेकको पुनः प्रवर्द्धन एवम् बजारीकरणको उद्देश्यका साथ शुक्रबारदेखि निस्किएको टोलीले आइतबार पदमार्ग क्षेत्र अन्तर्गत पुतलीबजार नगरपालिका वडा नं ९ कोल्मा, काल्खु एवम् शुक्लागण्डकी नगरापलिका वडा नं १२ विसौनामा अन्तरक्रिया गरेको छ।

मिलेनियम ट्रेक व्यवस्थापन समितिको आयोजना तथा नेपाल पर्यटन बोर्डको सहआयोजना एवम् प्रवर्द्धनमा पर्यटन सम्बद्ध विभिन्न क्षेत्रका प्रतिनिधि, पर्यटक गाइड, सञ्चारकर्मी लगायतको २३ सदस्यीय टोली पदमार्ग क्षेत्रमा पदयात्रा सहित स्थानीयसँग अन्तरक्रिया गरिरहेको छ। अन्तरक्रियामा स्थानीयले यस क्षेत्रको पर्यटकीय विकासका लागि आँफूहरू लागिरहेको बताउँदै त्यसका लागि मिलेनियम ट्रेक व्यवस्थापन समिति, स्थानीय सरकार एवम् सरोकारवालाको साथ र सहयोग आवश्यक भएको बताए। पुतलीबजार नगरपालिका वडा नं ९ का वडा अध्यक्ष लिलप्रसाद गुरुङले यस क्षेत्रको प्रवर्द्धनमा मिलेनियम ट्रेक व्यवस्थापन समितिले गरेको योगदान प्रशंसनीय भएको बताउनुभयो। २०६९ सालमा भएको मिलेनियम महोत्सवमा आँफूले सक्दो सहयोग गरेको बताउँदै उहाँले स्थानीय सरकारले मिले्नियम ट्रेकको प्रवर्द्धन एवम् पूर्वाधार निर्माणमा जोड दिएको बतायनुभयो । कोल्मामा २०७५ सालदेखि होमस्टे विधिवत् दर्ता गरी सञ्चालनमा आए पनि मिलेनियम ट्रेकको् नक्सामा दर्ता हुन नसकेको उल्लेख गर्नुभयो।

कोल्मा बराह माविका प्रमुख कृष्णबहादुर गुरुङले होमस्टे मार्फत लुकेर रहेका संस्कार एवम् संसकृतिको जगेर्ना गर्न खोजिएको बताउनुभयो । आमा समूहका सदस्यहरूलाई स्थानीय सरकारसँगको सहकार्यमा होमस्टे मार्फत आयआर्जनतर्फ लगाइएको उहाँले बताउनुभयो । गाउँमा वर्षौं अघिदेखि तोरी पेल्ने कोल रहेका कारण कोल्मा नामाकरण भएको उहाँले जानकारी गराउनुभयो । मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले पर्यटन मार्फत यस क्षेत्रका स्थानीयको आयआर्जनमा टेवा पुगोस् भन्ने हेतुले पदमार्ग क्षेत्रको प्रवर्द्धनलाई जोड दिइएको बताउनुभयो। उक्त अवसरमा सहप्रा डा. रामजीप्रसाद पोखरेल, टान गण्डकीका सदस्य दीपकप्रसाद सापकोटा, पोखरा पंछी समाजका अध्यक्ष मनशान्त घिमिरे लगायतले मिलेनियम ट्रेकमा अधिकतम पर्यटक ल्याउने गरी लाग्न आग्रह गर्नुभएको थियो। प्रवर्द्धन टोलीलाई नमोबुद्ध आमा समुहले गुरुङ जातिको प्राचीन एवम् मौलिक झोरा नृत्यबाट स्वागत गरिएको थियो। टोलीले आइतबार वडा नं ९ कै काल्खु एवम् शुक्लागण्डकी नगरपालिका वडा नं १२ विसौनामा जन्ते ढुङ्गाको संरक्षण र विकासका लागि स्थानीयसँग अन्तरक्रिया गरेको थियो।


## हार्दिक बधाई



नेपाल मगर संघ, जिल्ला समन्वय समिति कास्कीको २७ औं वार्षिक साधारण सभा तथा नवौं जिल्ला अधिवेशनबाट राम थापा मगर अध्यक्ष, उपाध्यक्ष सुवेदार चन्द्रबहादुर पुर्जा मगर, सचिव लालबहादुर रानामगर र कोषाध्यक्ष पदमा क्या. भक्तबहादुर पुन मगर साथै यस नमुना इकाई समितिका सल्लाहकार शिव थापा मगर सहसचिव पदमा र सचिव दिलु शेरपुञ्जा मगर कार्य समिति सदस्य पदमा निर्वाचित हुनु भएकोमा उहाँहरु लगायत निर्वाचित सम्पूर्ण पदाधिकारी एवं कार्यसमिति सदस्यहरुलाई **हार्दिक बधाई** ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**प्रकाश पुन मगर**
**अध्यक्ष एवं**
**नमुना इकाई समिति परिवार**
**पोखरा-१४ चाउँथे**



-विवाह गर्ने पुरुष र महिलाको उमेर २० वर्ष पूरा हुनुपर्छ। २० वर्ष उमेर पूरा नभएका महिला र पुरुषको वीचमा विवाह गरे गराएमा वाल विवाह गरे गराएको मानिन्छ।
-बालविवाहले कानूनी मान्यता पाउँदैन र त्यस्तो विवाह स्वतः वदर भएको मानिन्छ।
-बालविवाह गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयासम्म जरिवाना हुन्छ। (मुलुकी अपराध संहिता, २०७४)

**गण्डकी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**पोखरा, नेपाल**
सम्पर्क नः ०६१–४६७७३२/४६७७३३



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



◆मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन्।
◆यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं।
◆मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ।
◆जनस्वास्थ्य सम्बन्धी कानूनको पूर्णरुपमा पालना गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# फेवाताल र सिमसार क्षेत्र जोगाऊ

फेवाताल पुरिने र प्रदूषण हुने क्रम बढ्दै गएको छ । फेवातालको मुहान क्षेत्रमा समेत जथाभावी फोहोर फ्याँक्ने क्रम बढेसँगै ताल प्रदूषणको चपेटामा पर्दै गएको छ । ताल, सिमसारको महत्त्वका बारेमा स्थानीय सरकार बढी सक्रिय हुनुपर्नेमा बेखबर बनेको छ । तालको अस्थित्वसँग जोडिएको सिमसार पुरेर घडेरी बनाउने क्रम बढ्दै जाँदा तालमा पानीको स्रोतसमेत सुक्दै गएको छ। तालको मुहान क्षेत्रमा समेत फोहोर बढेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन । अन्तर्राष्ट्रिय महत्त्वको रामसार सूचीमा सूचीकृत पोखराको फेवाताल वर्षायाममा जलाधार क्षेत्रमा जाने पहिरो हर्पन खोला हुँदै तालमा थुप्रिने क्रम बढेको छ।

यसरी माटो थुप्रिँदा गत १० वर्षमा ६ सय रोपनीभन्दा बढी क्षेत्रफल पुरिएको स्थानीयको अनुमान छ। ताल पुरिएर बनेको जमिनमा अहिले स्थानीयले धान रोपेका छन्। ताल पुरिनुका साथै मुहान क्षेत्रको हर्पन खोलामा प्रदूषण बढ्दै जाँदा स्थानीय जातका माछा लोप हुने अवस्थामा पुगेको जलारीहरुले बुझाइ छ। फेवातालमा पछिल्लो समय माछाको प्रजाति र संख्या घट्दै जाँदा पुस्तौंदेखि माछा मारेर जीवन चलाउँदै आएका जलारी समुदाय आफ्नो पेसाबाटै विस्थापित हुने अवस्था आएको छ ।

फेवाताल र सिमसार क्षेत्रलाई पुर्ने काम भईरहँदा पोखरा महानगरपालिका तमासे बनेको छ । प्राकृतिक श्रोतको दोहन गरेर रातारात धनी बन्नेहरुप्रति महानगर उदार बनेको छ । सत्ता र शक्तिको आडमा सिमसार क्षेत्र पुरेर घडेरी बनाउनेहरुको स्वर चर्को छामहानगरले सिमसार क्षेत्र पुर्न सघाएपछि स्थानीयले पनि त्यसैको सिको गरेका छन । फेवाको मुहान पुरेर घडेरी बनाउने र सिमसार क्षेत्र पुरेर जग्गाको मालीक बन्नेप्रति स्थानीय सरकार मौन समर्थन गर्नु गैर जिम्मेवार काम हो । स्थानीय सरकारले सम्पदा र प्राकृतिक श्रोतको सदुपयोग गर्न सक्दैन भन्ने फेवाको मुहानमा पुग्ने जो कोहीले देख्न र बुझ्न सक्छ। फेवाताल र सिमसार क्षेत्र जोगाउन संघीय सरकार र संरक्षणप्रेमी स्थानीय सक्रिय हुनु जरुरी छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# कञ्चन क्यापिटलले सोमबार रक्तदान गर्ने

**पोखरापत्र संवाददाता**

पोखरा २९ जेठ

कञ्चल क्यापिटल प्रालिले 'रक्तदान जीवनदान' भन्ने नारासहित रक्तदानको आयोजना गर्ने भएको छ।

संस्थाको चौथो वार्षिकोत्सवको अवसरमा आगामी ४ गते सोमबार पोखरा २ अर्चलबोटस्थित कञ्चन डिपार्टमेन्टको प्रागंणमा आयोजना गर्ने कञ्चन क्यापिटलका अध्यक्ष विमल गुभाजुले जानकारी दिए।

'हामीले संस्थाको वार्षिकोत्सवको अवसरमा रचनात्मक कार्यक्रम गरौ भन्ने थियो, उनले भने, 'अहिले पोखरामा रगतको अभाव भएको बुझिएकाले रक्तदानको आयोजना गर्न लागेका हौं ।' उनका अनुसार संस्थाले हरेक वर्ष वार्षिकोत्सवको अवसरमा रक्तदान आयोजना गर्दै आएको छ। सोमबार बिहान ८ बजेदेखि रक्तदान सुरु हुने छ भने रक्तसञ्चार केन्द्र रामघाटले प्राविधिक सहयोग गर्ने छ।

# बालमैत्री पालिका बनाउने अभियान सुरु

**पोखरापत्र संवाददाता**

बेनी, २९ जेठ

म्याग्दीको रघुगङ्गा गाउँपालिकालाई बालमैत्री पालिका बनाउने प्रतिबद्धता पत्र जारी गरिएको छ।

बालमैत्री शासकीय व्यवस्थाको अवलम्बन गर्नका लागि गर्भावस्थादेखि १८ वर्ष उमेर नपुगेका बालबालिकाको बाल संरक्षण, बाल विकास, बाल बचाउ, बाल सहभागितासम्बन्धी ५१ सूचकलाई पूरा गर्न आवश्यक तयारी सुरु गरिएको हो । सामाजिक विकास कार्यालयको आयोजना, गाउँपालिकाको समन्वय र मिलन म्याग्दीको व्यवस्थापनमा आइतबार आयोजित बालमैत्री स्थानीय शासनसम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागी सरोकारवालाले आगामी २०८३ चैत मसान्तसम्म पालिकालाई बालमैत्री पालिका बनाउन बालमैत्री स्थानीय शासन अवलम्बन गर्नका लागि प्रतिबद्धता जनाएका हुन्।

कार्यक्रममा बालमैत्री स्थानीय शासन अवलम्बन तथा बालमैत्री सुशासन प्रवर्द्धन गर्नको लागि सामूहिक प्रतिबद्धता पत्र जारी गरिएको छ। गाउँपालिकाका जनप्रतिनिधि, शिक्षक, कर्मचारी, स्वास्थ्यकर्मी, स्वयंसेविकालगायतका सरोकारवालाले स्थानीय सरकार सञ्चालन ऐन-२०७४, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ अनुसार गाउँपालिकालाई बालमैत्री स्थानीय शासन अवलम्बन तथा घोषणाको प्रक्रियामा सबैले आ-आफ्नो ठाउँबाट सक्रिय सहभागितासहित बालमैत्री गाउँपालिका घोषणा गर्ने प्रतिबद्धता जनाएका छन्।

कार्यक्रममा सामाजिक विकास कार्यालयका प्रमुख रमेश थापा, प्रशिक्षक अशोक खनाल, रघुगङ्गा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद ढकालले बालमैत्री स्थानीय शासनको सूचक, अवलम्बन गर्नुपर्ने नीति नियम तथा कार्यान्वयका लागि पूरा गर्नुपर्ने चरण तथा आधारको बारेमा सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले गाउँपालिकालाई बालमैत्री पालिकाको रुपमा विकास गर्न सरोकारवालाले समेत रचनात्मक सहयोग गर्नुपर्ने बताउँदै सूचकको पालना र आवश्यक तयारीमा गाउँपालिका जुट्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले वडाहरू हुँदै पालिकालाई बालमैत्री बनाउनका लागि आवश्यक तयारी थालिने जानकारी दिनुभयो। कार्यक्रममा सामाजिक विकास कार्यालय म्याग्दीका प्रमुख थापाले दिगो विकासका लक्ष्यलाई राष्ट्रियकरण र स्थानीयकरण गर्ने लक्ष्यका साथ स्थानीयतहलाई बालमैत्री पालिका घोषणा गर्ने कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले यसअघि म्याग्दीका चार गाउँपालिका र एक नगरपालिकाले समेत बालमैत्री पालिका बनाउने प्रतिबद्धता जनाइसकेको बताउँदै सबै स्थानीय तह र सरोकारवालाले सूचकको पालना गरी प्रतिबद्धतालाई पूरा गर्नतर्फ अग्रसर हुनुपर्नेमा जोड दिनुभयो। सरकारले सन् २०३० सम्म सबै स्थानीय तहलाई बालमैत्री पालिका बनाउने लक्ष्य लिएको छ । हालसम्म नेपालका २२ र गण्डकी प्रदेशका तीन गाउँपालिका बालमैत्री पालिकाको रुपमा घोषणा भइसकेका छन्।

# प्रहरीचौकीलाई विपद् प्रतिकार्य सामग्री प्रदान

**रासस**

गोरखा, २९ जेठ

गोरखाका विभिन्न चार प्रहरीचौकीलाई विपद् प्रतिकार्य सामग्री प्रदान गरिएको छ। सहिद लखन गाउँपालिकाले पालिकाभित्र रहेका मनकामना , बुङ्कोट , राइनास र ताक्लुङ प्रहरीचौकीलाई विपद् प्रतिकार्य सामग्री प्रदान गरेको गाउँपालिका अध्यक्ष रमेशबाबु थापामगरले जानकारी दिनुभयो।

गाउँपालिकाले प्रहरीचौकीलाई विपद्का लागि आवश्यक पर्ने अत्यावश्यक सामग्री मल्टिपर्पोज नाइफ, लाइफ ज्याकेट, रेस्क्यु रोप, फायर एक्स्टीङगुइसर सामग्री उपलब्ध गराएको उहाँले बताउनुभयो । त्यस्तै फायर फाइटिङ सुट, फायर प्रुफ गम्वुट,लगायतका २१ प्रकारका विपद् प्रतिकार्य सामग्री प्रहरीचौकीलाई उपलब्ध गराएको अध्यक्ष थापामगरको भनाइ छ। प्रहरीचौकीलाई प्रदान गरिएको विपद् प्रतिकार्य सामग्री करिब रु १५ लाख बराबरको रहेको उहाँले जानकारी दिनुभयो।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सहमति नेपाल नामक संस्था तथा गाउँपालिकाको संयुक्त सहकार्य र समन्वयमा सामग्री खरिद गरेर वितरण गरिएको अध्यक्ष थापामगरले बताउनुभयो । "विपद् प्रतिकार्य सामग्री सामग्रीको अभावमा विपद्का बेला सुरक्षाकर्मीलाई कार्य गर्न समस्या नहोस् भने उद्देश्यले उक्त सामग्री उपलब्ध गराइएको हो, उहाँले भन्नुभयो, "आवश्यक स्रोत साधन भएमात्र प्रहरीलाई जस्तोसुकै विपद्मा भूमिका खेल्न सहज हुनेछ भन्ने हाम्रो विश्वास छ ।" गाउँपालिकामा कार्यक्रमको आयोजना गरी आइतबार गाउँपालिका अध्यक्ष थापामगरले प्रहरीचौकीलाई सामग्री हस्तान्तरण गर्नुभएको स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रका सर्म्पक व्यक्ति मेघनाथप्रसाद यादवले जानकारी दिनुभयो । सामग्री वितरण कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगरलगायतको सहभागिता रहेको थियो।

# सुत्केरीलाई घ्यू, गर्भवतीलाई अण्डा र बच्चालाई पौष्टिक आहरा उपहार

**पोखरापत्र संवाददाता**

बेनी, २९ जेठ

म्याग्दीको धौलागिरि गाउँपालिकाले गर्भवती, सुत्केरी र दुई वर्षसम्मका बच्चालाई पौष्टिक आहरा उपहार दिएको छ।

'सुनौला हजार दिनका आमासँग उपाध्यक्ष' कार्यक्रममार्फत पालिकाभित्रका स्वास्थ्य संस्थामा तोकिएको समयमा गर्भ परीक्षण, बच्चाको तौल वृद्धि अनुगमन गर्ने र सुरक्षित प्रसूति हुनेलाई घ्यू, अण्डालगायतका पौष्टिक आहरा उपहार दिइएको हो।

गाउँपालिकाका उपाध्यक्ष रेशम पुन मगरले मातृ शिशु स्वास्थ्यमा सुधार, सुरक्षित प्रसूति सेवामा पहुँच बढाउने र कुपोषण न्यूनीकरणका लागि पौष्टिक आहरा उपहार दिने कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । "स्वास्थ्य संस्थामा गई चार, छ, आठ र नौ महिनामा गर्भ जाँच गराउने आमा र १५ महिनाभित्र तोकिएका सबै मात्राको खोप लगाएका तथा १२ र २४ महिनामा तौलको वृद्धि अनुगमन गर्न आउनेलाई पोषिला खानेकुरा दिने गरिएको छ", उहाँले भन्नुभयो, "पालिकाभित्रका स्वास्थ्य संस्थाबाट सेवा लिने आमा र बच्चाले यो सुविधा पाउने कार्यविधि बनाएका छौं।"

चार पटकको गर्भ परीक्षण र सुत्केरी भएपछि पाँच क्यारेट अण्डाको साथमा आधा लिटर घ्यू र सुप बनाएर सुत्केरीले खाने ज्वानो उपहार दिने गरिएको छ । पन्ध्र महिनामा तोकिएको सबै मात्राको खाप लगाउने, १२ र २२ महिनामा वृद्धि अनुगमन गर्ने बच्चाले पनि एक/एक क्यारेट अण्डा पाउँछन्।

चालु आर्थिक वर्षमा रु पाँच लाख बजेट विनियोजन भएको यस कार्यक्रमबाट एक सय २६ जना सुत्केरी र दुई सय जना गर्भवतीले यो सुविधा पाइसकेका स्वास्थ्य शाखा संयोजक सम्झना कार्कीले बताउनुभयो । भौगोलिकरुपमा विकट र दुर्गम क्षेत्रमा पर्ने धैलागिरि गाउँपालिकाका अधिकांश महिला सुत्केरी हुन सदरमुकाम बेनी तथा जिल्ला बाहिरका अस्पतालमा जाने गर्छन् । केही अझै पनि भरमा असुरक्षितरुपमा सुत्केरी हुने गरेका छन्। धौलागिरिको सातवटै वडाका स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति सेवा उपलब्ध छ।

यसैगरी धौलागिरि गाउँपालिकाले 'दीर्घरोगीको घरघरमा अध्यक्ष' कार्यक्रम सञ्चालन गरेको छ। दीर्घरोगीको अवस्था पहिचान र उनीहरूको औषधि उपचारमा सघाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो । गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले दीर्घरोगीलाई घरदैलोमै औषधि उपचारको व्यवस्था मिलाउन कार्यक्रम सञ्चालन गरिएको जानकारीदिनुभयो।कार्यक्रममार्फत सबै वडा र बस्तीबाट नियमित औषधि सेवन गरिरहेका दीर्घरोगीको विवरण सङ्कलन भइरहेको छ", उहाँले भन्नुभयो, "विवरण सङ्कलन भएपछि गाउँपालिकाले औषधि खरिद गरेर दीर्घरोगीलाई उपलब्ध गराउँछौं।" यो कार्यक्रमलाई चालु आर्थिक वर्षमा रु २० लाख बजेट विनियोजन भएको छ।

# पशुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान

**पोखरापत्र संवाददाता**

पोखरा, २९ जेठ

गण्डकी प्रदेश सरकारले पशुको नश्ल सुधार एवं उत्पादकत्व वृद्धिका लागि कृत्रिम गर्भाधान कार्यक्रम लागू गर्ने भएको छ।

सरकारको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रममा दुग्ध उत्पादनमा प्रदेशलाई आत्मनिर्भर एवं व्यावसायिक बनाउन गाई, भैंसीको नश्ल सुधार एवं उत्पादकत्व वृद्धिका लागि कृत्रिम गर्भाधान कार्यक्रम लागू गरिने उल्लेख छ। निजी तथा समुदायस्तरमा कृषि, पशुपन्छी तथा मत्स्य स्रोत केन्द्र स्थापना गर्दै बीउ, बेर्ना, माछा भुरा तथा पशुपन्छीका विभिन्न नश्लको उपलब्धता सुनिश्चितताका लागि आवश्यक व्यवस्था गरिने भनिएको छ । उच्च हिमाली भेगमा चौंरीगाई, भेडा, बाख्रा, च्याङ्ग्राजस्ता पशुबस्तुको व्यावसायिकपालनलाई प्रोत्साहन गरिने सरकारको कार्यक्रम छ।

कृषकको गुणस्तरीय उत्पादन सामग्री प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न मल, बीउबिजन, बिरुवा, विषादी र पशुपन्छीका नश्ल, औषधि, दाना तथा जैविक पदार्थको गुणस्तर नियमन गरिने नीति तथा कार्यक्रममा भनिएको छ।

पशुपन्छी तथा बालीनालीका रोग किराको अग्रिम पहिचान तथा स्वस्थान नियन्त्रणका लागि रोग पहिचान तथा निगरानी प्रणाली विकास गरी लागू गरिने उल्लेख गर्दै नीति तथा कार्यक्रममा आकस्मिक बाली संरक्षण तथा महामारी रोग नियन्त्रणसम्बन्धी कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । पशुको पूर्ण खोप कार्यक्रमलाई विस्तार गरिने र विभिन्न समयमा आउने महामारी तथा आपत्कालीन रोगको निदानका लागि आवश्यक व्यवस्था गरिने सरकारले जनाएको छ । सम्झौतामा आधारित कृषि उत्पादन प्रणाली कार्यक्रमलाई प्रोत्साहन गरी बजारीकरणलाई सुनिश्चित गरिने उल्लेख छ।

प्रदेशमा हुने कृषिउपजको निकासी तथा पैठारीको योजना तर्जुमा गर्ने तथा स्वस्थ र गुणस्तरीय बिरुवा तथा पशुपन्छीको ओसार पसार सुनिश्चित गर्न तनहुँ जिल्लाको आँबुखैरेनी र स्याङ्जा जिल्लाको मालुङ्गामा स्थापित कृषि तथा पशुपन्छी नियमन एकाइको सुदृढीकरण गर्दै अन्य आवश्यक स्थानमा विस्तार गरिने सरकारले जनाएको छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २१ स्थित मैदान ठुलीस्वाँरा सुरौदी सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः मैदान ठुलीस्वाँरा सुरौदी सडक निर्माण**

**स्थानः पोखरा–२१, कास्की**

**योजना सम्झौता मिति : २०७९/०९/२१ गते**

**योजना सुरु मिति : २०७९/०९/२२ गते**

**योजना सम्पन्न हुने मितिः २०८०/०१/१५ गते**

**योजनाको कुल लागत : रु. २२,२६,५८८.३८।–**

**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२०,००,०००।–**

**जनश्रमदान : रु.२,२६,५८८.३८।–**

**उपभोक्ता समिति अध्यक्षः नर ब. राना मगर**

**सम्पर्क नं.: ९८६९८६९२२४**

**कोषाध्यक्षः नानु रानामगर, सचिवः केशव प्रसाद आचार्य**

**अनुगमन संयोजकः ऋषिराम भण्डारी**

**मैदान ठुलीस्वारा सुरौदी सडक उपभोक्ता समिति**

**पोखरा-२१, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १४ स्थित चादनीटोलदेखि कैलासटोल जाने बाटो ढलान कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः चादनीटोलदेखि कैलासटोल जाने बाटो ढलान**

**स्थानः पोखरा–१४, चादनीटोल, कास्की**

**योजना सम्झौता मिति : २०८०/०१/२४ गते**

**योजना सुरु हुने मितिः २०८०/०१/२५ गते**

**योजना सम्पन्न हुने मितिः २०८०/०२/३० गते**

**योजनाको कुल लागत : रु. ३१,२७३०७.२१।–**

**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२५,००,०००।–**

**जन सहभागितावाट : रु.६,२७३०७.२१।–**

**उपभोक्ता समिति अध्यक्षः भिम बहादुर थापा श्रीस**

**सम्पर्क नं.: ९८५७६६९२६७**

**सचिवः सूर्य पौडेल, कोषध्यक्षः लालुमाया बास्तोला**

**सदस्यः दुर्गा बहादुर पून, चिन बहादुर राना, माया बुढाथोकी, विष्णु रावल, खरदेवी जुङ्जाली मगर, कुस्मराज आचाय**

**अनुगमन टोल समितिः वडा सदस्य कृष्णहरी काफ्ले**

**बल बहादुर थापा, ईश्वर श्रेष्ठ, ओम प्रसाद श्रीस**

**चादनीटोल कैलासटोल जाने बाटो ढलान उपभोक्ता समिति पोखरा-१४, चादनीटोल, कास्की**

# 'लम्पी स्किन'विरुद्ध पशुलाई खोप लगाउन थालियो

पोखरापत्र संवाददाता
दमौली, २९ जेठ

तनहुँमा लम्पी स्किनविरुद्ध पशुलाई खोप लगाउन सुरु गरिएको छ। म्याग्दे गाउँपालिकाले पशुलाई रोगबाट बचाउनका लागि पहिलो पटक खोप लगाउन थालेको हो।

पछिल्लो समय जिल्लाभर सो रोग फैलिएपछि गाउँपालिकाले सातवटै वडामा पालिएका पशुलाई खोप लगाउने कार्य सुरु गरेको गाउँपालिकाका पशु सेवा शाखा प्रमुख डा विनय शाहले बताउनुभयो । उहाँका अनुसार पहिलो चरणमा दूध उत्पादन धेरै हुने वडाका पशुलाई प्राथमिकतामा राखेर खोप लगाउन थालिएको छ । उहाँले भन्नुभयो, "व्यावसायिक रुपमा गाईभैंसी पालन गरिएका र दूध उत्पादन बढी गर्ने कृषकको गोठमै पुगेर खोप लगाउन सुरु गरेका छौं । क्रमशः सबै वडामा पशुलाई खोप लगाइनेछ ।" प्रमुख डा शाहका अनुसार गाउँपालिकाका सात वटै वडाका दुई हजार गाईभैंसी, गोरु, राँगालाई खोप लगाउने कार्यक्रम रहेको छ । गाउँपालिकाबाटै खोप खरिद गरी पशुलाई लगाउन थालिएको बताउँदै उहाँले भन्नुभयो, "पहिलो चरणमा दुई हजार खोपको मात्रा आएको छ। आवश्यक परे थप खोप खरिद गरेर लगाइनेछ।"

उहाँका अनुसार पशुमा पूर्ण खोप कार्यक्रमअन्तर्गत गाउँपालिकाका वडामा खोपकर्ताको रुपमा खटिएका भेटेरिनरी प्राविधिकलाई पुनः यस आकस्मिक अवस्थामा खोप लगाउन परिचालित गरिएको छ । उहाँले भन्नुभयो, "यो खोप सङ्क्रमित पशुलाई लगाउने होइन, स्वस्थ पशुलाई रोगबाट बचाउनका लागि लगाउने हो ।"

गाउँपालिकाका सबै वडामा लम्पी स्किन देखिए पनि एकिन तथ्याङ्क भने नरहेको उहाँले बताउनुभयो । सबै वडामा भेटेरिनरी प्राविधिक नभएकाले कतिलाई लम्पी स्किन लाग्यो भन्ने तथ्याङ्क आफूहरूसँग नरहेको डा शाहको भनाइ छ । उहाँका अनुसार लम्पी स्किनबाट सङ्क्रमित भएकालाई पशुको उपचार कार्य पनि जारी रहेको छ।

खोप लगाउन भेटेरिनरी प्राविधिक अस्मिता विक, राजकुमार श्रेष्ठ, पूर्णकुमार श्रेष्ठ, अनिता शाही, सन्तुकला थापा, सुजन श्रेष्ठ, विवेक थापा मगर, विनोद थापा मगरलाई परिचालित गरिएको छ । त्यस्तै पशु सेवा शाखाबाट डा शाहलाई व्यवस्थापन, उपचार तथा अनुगमनमा खटाइएको छ भने पशु स्वास्थ्य प्राविधिक मीरा शाह, नायब पशु सेवा प्राविधिक रचना घिमिरे र दिवस पौडेललाई क्रमशः वडा नम्बर ३ र ७ मा परिचालन गरिएको छ । आँबुखैरेनी गाउँपालिकाले लम्पी रोग नियन्त्रणका लागि पशुलाई खोप लगाउने भएको छ। पछिल्लो समय गाउँपालिकाका सबै वडामा उक्त रोग फैलिएकाले नियन्त्रणका लागि खोप लगाउन लागिएको हो । गाउँपालिकाका पशु सेवा शाखा प्रमुख डा सन्तोष देवकोटाले गाईभैंसीमा फैलिएको लम्पी स्किन रोग नियन्त्रणका लागि पालिकाले निःशुल्क खोप लगाइदिने बताउनुभयो ।

खोप लगाउनका लागि वडा नम्बर १ र ६ मा अनिल थापा, वडा नम्बर २ र ३ मा चित्रबहादुर विश्वकर्मा, वडा नम्बर ४ र ५ सम्पूर्ण थापालाई सम्पर्क गर्न सकिने गाउँपालिकाले जनाएको छ । जिल्लाका सबै पालिकामा लम्पी स्किनको सङ्क्रमण फैलिएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठका अनुसार जिल्लाका छ सय ५० भन्दा बढीमा यो सङ्क्रमण देखिएको छ भने ४० भन्दा बढी पशु मरिसकेका छन् । लम्पी रोगका कारण पशुको मृत्यु नै हुने अवस्था नरहेको भए तापनि उच्च ज्वरो आउँदा उपचार नपाए मर्न पनि सक्ने उहाँको भनाइ छ।

जिल्लाका अधिकांश पालिकामा कृषकले पालेका पशुमा लम्पी रोगको सङ्क्रमण देखिएको छ। गर्मी मौसममा टोक्ने झिङ्गा, लामखुट्टे, किर्नाजस्ता किराको सङ्ख्या बढी हुने तथा थप सक्रिय हुने हुनाले यस रोगको प्रकोप बढी देखिने म्याग्दे गाउँपालिकाका पशुसेवा शाखा प्रमुख डा शाहले बताउनुभयो । उहाँका अनुसार यो रोग देखिएपछि दूध उत्पादनमा गिरावट आउनुका साथै प्रजनन समस्या आउने तथा गर्भपतन हुनसक्ने सम्भावना रहन्छ।

# 'हिमालय बचाउँः नदी जोगाउँ' अभियानमार्फत १० लाख बढीको छात्रवृत्ति वितरण

-वासुदेव पौडेल
गण्डकी, २९ जेठ (रासस)

मानव अधिकार तथा शान्ति समाजले विश्व वातावरण दिवसका अवसरमा यही जेठ २३ देखि सुरु गरेको सप्ताहव्यापी कर्णाली केन्द्रित 'हिमालय बचाउँ : नदी जोगाउँ' अभियानमा रु १० लाख आठ हजारको छात्रवृत्ति वितरण गरिएको छ।

शान्ति समाजले दुर्गमका विपन्न बालिका छात्रवृत्ति कार्यक्रम सम्पन्न गरिएको जनाएको छ। जेठ २३ गते सुर्खेतबाट दीप प्रज्वलनसहित प्रारम्भ भएको अभियानअन्तर्गत कालीकोटको मान्म, मुगुको गमगढी र जुम्लाको खलङ्गा बजारमा शान्ति समाजले तयार गरेको अवधारणापत्र वितरणसहित प्रदर्शन र कोणसभा सम्पन्न भएको थियो। कार्यक्रममा शान्ति समाजका संस्थापक सभापति कृष्ण पहाडी, कार्य सभापति कृष्णबहादुर रावल, सल्लाहकार एवं पूर्वसभापति गोविन्द खनाल, कर्णाली प्रदेश सचिव प्रकाश शाही, केन्द्रीय सदस्य अरुण ज्ञवाली र आजीवन सदस्य एसआर पाण्डे सम्मिलित हुनुहुन्थ्यो। 'छोरी पढाऔँ : गरिमा बढाऔँ' भन्ने आह्वानसहित सुरु भएको कर्णाली प्रदेश केन्द्रित तीनवर्षे बालिका छात्रवृत्ति अभियानअन्तर्गत कर्णाली प्रदेशका छ जिल्लाका ८४ जना दलित समुदायका बालिकालाई पहिलो वर्षको छात्रवृत्ति रकम रु १० लाख आठ हजार वितरण गरिएको शान्ति समाजका कार्यक्रम अधिकृत सरिता पौडेलले जानकारी दिनुभयो।

जेठ २४ देखि जेठ २९ सम्म कालीकोटको शुभपालिकास्थित पञ्चकालिका माविका १३ जना, खाडचक्र मान्मस्थित जनजीवन माविका १६ जना, जुम्लाको मष्टामडुस्थित अन्नपूर्ण माविका १० जना, लुडकुस्थित कनकासुन्दरी माविका १२ जना, मुगुको महाकाली नमुना माविका आठ जना, नेपाल राष्ट्रिय मावि भारेकोटका तीन जना, दैलेखको महादेव मावि तल्लो डुङ्गेश्वरका १० जना र सुर्खेतमा आश्रय लिइरहेका वादी समुदायका छ जना कक्षा ६ मा अध्ययनरत दलित समुदायका ७८ जना बालिकालाई रु १२ हजारका दरले पहिलो वर्षको छात्रवृत्ति रकम शान्ति समाजको टोलीले प्रदान गरेको छ। यसैगरी हुम्लाको सर्केगाडस्थित अंशुवर्मा आधारभूत विद्यालयका तीन जना र हुम्लाकै श्री हिमज्योति मावि सर्केगाडका तीन जना गरी छ जना दलित समुदायका बालिकालाई छात्रवृत्ति वितरण गर्न बैंकबाट रकम पठाइएको छ । यसप्रकार शान्ति समाजले कर्णाली केन्द्रित तीनवर्षे बालिका छात्रवृत्ति अभियानअन्तर्गत ८४ जनालाई रु १० लाख आठ हजारको छात्रवृत्ति वितरण गरेको छ।

अभियानको संयोजन शान्ति समाज कर्णाली प्रदेश सचिव प्रकाश शाहीले गर्नुभएको थियो। कर्णाली केन्द्रित तीनवर्षे छात्रवृत्तिका लागि शान्ति समाजका सचिव रामप्रसाद जोशी, मोरङ शाखा सभापति प्रा डा जीवन ढकाल, सदस्य तथा शुभचिन्तक दानबहादुर रोकाय, रणबहादुर खड्का, यामबहादुर श्रेष्ठ, कृष्णा न्यौपाने भुसाल, घनश्याम खड्का, युद्ध कोइराला, डा ललितजङ्ग शाही, एसआर पाण्डे, केशरीकुमारी बस्नेत, ईश्वर सापकोटालगायत ७८ जनाले छात्रवृत्ति रकम सहयोग गर्नुभएको छ । यससँगै शान्ति समाजले सुरु गरेको पाँच वर्षे र तीन वर्षे छात्रवृत्ति सङ्ख्या एक सय २१ पुगेको छ।

# कृषिमा आत्मनिर्भर बन्न कृषकसँग राय

पोखरापत्र संवाददाता
बागलुङ, २९ जेठ

बागलुङका सबै स्थानीय तह नीति कार्यक्रम तथा बजेट बनाउनमा व्यस्त छन् । नागरिकका गुनासो सुन्ने, सुझाव सङ्कलन गर्ने र उनीहरूको आवश्यकतालाई नीति तथा कार्यक्रममा समावेश गर्ने तयारीमा यहाँका स्थानीय तह जुटेका हुन्।

ढोरपाटन नगरपालिकाले पहिलो पटक जनस्तरसम्म पुगेर नागरिकसँग सुझाव सङ्कलन गरेको हो । यस वर्षदेखि कृषक, समाजका अगुवा र विषय विज्ञसँग राय सुझाव लिई सोही अनुसार बजेट तर्जुमा गरिने नगरपालिका कार्यालयले जनाएको छ।

नगरपालिकाले कृषिबाटै यस क्षेत्रको समृद्धिको सम्भावना रहेको भन्दै कृषकसँग कृषिमा आत्मनिर्भर बनाउने सम्बन्धी सुझाव सङ्कलन गरिरहेको छ। नीति तथा कार्यक्रममा अनुभवी कृषकको सल्लाह, सुझावलाई सम्बोधन गरी कृषि क्षेत्रमा आवश्यक बजेट तर्जुमा गर्ने तयारी भइरहेको नगर उपप्रमुख धनबहादुर कायत (कल्याण)ले बताउनुभयो । नगरपालिकाका कार्यवाहक प्रमुखसमेत रहनुभएका कायतले कृषिका लागि उत्पादन र अनुदानमा आधारित कार्यक्रम ल्याउने तयारी भइरहेको जानकारी दिनुभयो । कृषिमा ढोरपाटनलाई आत्मनिर्भर बनाउन नगरपालिकाले किसानले उत्पादन गरेको सामग्रीलाई भण्डार गर्नका लागि चिस्यान केन्द्र बनाउने उहाँको भनाइ छ । किसानले उत्पादन गरेका वस्तुलाई नगरपालिकाले नै बिक्री गरिदिने वातावरण तयार गर्ने गरी स्थानीयसँग छलफल गरिएको नगर उपप्रमुख कायत बताउनुभयो । उहाँले भन्नुभयो, "अहिलेसम्म वास्तविक कृषकले अनुदान नपाएको भन्ने जनगुनासो आइरहेको छ, अब जथाभावीरुपमा अनुदान वितरण हुँदैन, कषकले बिक्री भएन, सामानले बजार पाएन भन्ने गुनासो गर्नुपर्ने अवस्थाको अन्त्य हुनेछ।" नगरपालिकाले उहाँहरूले उत्पादन गरेको वस्तुलाई बिक्रीका लागि बजारको व्यवस्थापन गरिदिने, स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नेलगायत योजना अब बन्ने नीति तथा कार्यक्रम समावेश गरी सोही अनुसार बजेट तर्जुमा गरिने नगर उपप्रमुख कायतले बताउनुभयो।

# धार्मिकस्थल डहरेसम्म पुग्न पदमार्ग निर्माण

पोखरापत्र संवाददाता
वालिङ, २९ जेठ

धार्मिक एवं ऐतिहासिक स्थलका रुपमा रहेको डहरेसम्म पुग्न पदमार्ग निर्माण गरिएको छ । पदमार्ग निर्माण भएसँगै स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-५ मा अवस्थित डहरे देउरालीसम्म भक्तजन पुग्न सहज भएको हो।

गण्डकी प्रदेश सरकारको सहयोगमा चालु आर्थिक वर्षमा बयालेदेखि लिलिडसम्मको अप्ठ्यारो बाटोमा पदमार्ग निर्माण गरिएको डहरे बयाले घने मल्कवाङ एकानन्द गुफा उपभोक्ता समितिका अध्यक्ष भद्रबहादुर गुरुङले बताउनुभयो । "समुद्र सतहदेखि दुई हजार दुई सय ६० मिटरको उचाइमा अवस्थित डहरेसम्म पुग्न यसअघिका वर्षमा रु ६५ लाखको लागतमा एक दशमलव छ किलोमिटर पदमार्ग निर्माण भइसकेको छ", उहाँले भन्नुभयो, "चालु आवमा डुङ्गा छापेर चार सय ३० मिटर लम्बाइको पदमार्ग निर्माण गरिएको हो।"

अब बयालेदेखि लिलिडबीचमा करिब डेढ किमी पदमार्ग निर्माण गर्न बाँकी छ। साँघुरो र उकालो बाटो भक्तजन आउनु पर्दा अप्ठ्यारो भएपछि पदमार्ग निर्माण गरिएको मोक्षद्वारी बालसिद्ध योगाश्रम डहरे स्याङ्जा, पर्वतका अध्यक्ष बाबुराम शर्माले बताउनुभयो । विशेष गरी नवदुर्गा, शिवरात्रि, बाला चतुर्दशीलगायतका चाडपर्वका समयमा यहाँ दर्शनार्थीको भीड लाग्ने गर्छ । "यी चाडबाहेक अन्य दिनमा पनि यहाँ दर्शनार्थी पूजापाठ गर्न आउने गर्नुहुन्छ", उहाँले भन्नुभयो, "विशेष त बाला चतुर्दशीमा शतबीज छर्ने, तोरण टाँग्नको बर्सेनि भीड बढ्ने गरेको छ ।" 'डहरा' ऋषिले तपस्या गरेको ठाउँ भएकाले पछिल्लो समयमा डहरे देउरालीको नामबाट चिनिने गरिएको अध्यक्ष शर्माले बताउनुभयो । "यस स्थानको धार्मिक, ऐतिहासिक एवं पर्या-पर्यटकीय दृष्टिले निक्कै महत्व हुँदा हुँदै पनि प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ", अध्यक्ष शर्माले भन्नुभयो, "यहाँसम्म आइपुग्न सहज पदमार्ग, भौतिक पूर्वाधारको विकास गर्ने क्रममा रहेका छौं, अब विस्तारै यहाँ आन्तरिक र बाह्य पर्यटकको रोजाइको स्थलका रुपमा विकसित गर्ने गरी योजना अगाडि बढाउँछौं ।"

डहरे देउरालीको महत्व र यहाँको शक्तिका बारेमा प्रचारप्रसार गर्नुपर्ने देखिएको उहाँले बताउनुभयो । दर्शनार्थीले मन्दिर पुगेर आफूले मागेको वर पूरा हुन्छ भन्ने धार्मिक विश्वास रहिआएको छ । स्याङ्जा र पर्वतको सङ्गमस्थल अर्जुनचौपारी-५ मा रहेको डहरे धार्मिक, ऐतिहासिक क्षेत्र मात्रै नभई प्रचुरमात्रामा पर्यटकीय सम्भावना बोकेको स्थल पनि हो । अग्लो पहाडको चुचुरामा रहेकाले पनि यहाँबाट स्याङ्जाका अधिकांश भागसहित पर्यटकीय नगरी पोखरा, कुस्मा, बागलुङलगायत जिल्लाका बजार, हिमशृङ्खला, सूर्योदय र सूर्यास्तको मनमोहक दृश्य यहाँबाट देख्न सकिन्छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ स्थित हर्पनखोला तमु समाजको भवन संरक्षणका लागि तटबन्धन कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: हर्पनखोला तमु समाजको भवन संरक्षणका लागि तटबन्धन**

**स्थान: पोखरा-२३, कास्की**

**योजना सम्झौता मिति : २०८०/०१/२६ गते**

**योजना सुरु मिति : २०८०/०१/२७ गते**

**योजना सम्पन्न भएको मिति: २०८०/०२/३० गते**

**योजनाको कुल लागत : रु. ११,४८,९३२।-**

**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,०००।-**

**जन सहभागितावाट : रु.१,४८,९३२।-**

**उपभोक्ता समिति अध्यक्ष: रविन्द्र गुरुङ**

**सम्पर्क नं.: ९८०४१०४०७६**

**सदस्य संख्याः ७ पुरुष संख्याः ४ महिलाः ३**

**हर्पनखोला तमु समाजको भवन संरक्षणका लागि तटबन्धन उपभोक्ता समिति पोखरा-२३, कास्की**


# तटबन्धनले तालगाउँ सुरक्षित

पोखरापत्र संवाददाता
मनाङ, २९ जेठ

हिमाली जिल्ला मनाङमा विसं २०७८ असार १ मा इतिहास नै मेटिने गरी भारी वर्षा भयो। वर्षातृका कारण बाढीपहिरोको ठूलो क्षति भोग्नुपर्दा मनाङवासीका लागि अविस्मरणीय भयो।

वर्षातपछि मर्स्याङ्दी नदीमा आएको बाढीले नार्सों गाउँपालिका-१ तालगाउँ बगर बन्यो । करिब दुई वर्षपछि बगर बनेको तालगाउँ अहिले सुरक्षित भएको छ । सङ्घीय सरकारले बजेटको व्यवस्था गरी पुनःनिर्माण गरेपछि यहाँको बस्ती सुरक्षित भएको हो। बाढीले क्षति पुगेको माथिल्लो ताल क्षेत्रको कटान नियन्त्रणका लागि जलस्रोत तथा सिँचाइ विभागअन्तर्गतको गोरखास्थित पाल्पुटार कुन्डुटार सिँचाइ आयोजनामार्फत गरिएको तटबन्धनले बस्ती सुरक्षित भएको हो । प्राकृतिक तथा ऐतिहासिकरूपमै पाल्म वाल प्रोटेक्सन एण्ड बर्ल्डर स्टाकिङ वर्क प्रकारको पर्खाल लगाई तालगाउँको बस्तीलाई सुरक्षित बनाइएको आयोजनाका प्रमुख दिनेशप्रसाद आचार्यले जानकारी दिनुभयो। मर्स्याङ्दी नदीको डुङ्गा प्रयोग गरी यहाँ लगाइएको पर्खाल परम्परागत देखिन्छन्।

माथिल्लो ताल क्षेत्र कटान नियन्त्रणका लागि पर्खाल लगाउने काम सकिएको र तल्लो ताल क्षेत्र कटानको काम भइरहेको उहाँले बताउनुभयो। माथिल्लो र तल्लो ताल क्षेत्र कटान नियन्त्रण गरी दुई भागमा विभाजन गरी तटबन्ध निर्माणको काम भएको र त्यसका लागि कूल रु एक करोड २५ लाख ४७ हजार चार सय ९४ बजेट विनियोजन भएको थियो। उक्त बजेट विनियोजन भएपछि निर्माणको कामले तीव्रता पाएको हो । बाढीले क्षति पुगेको एक वर्षपछि मात्रै उक्त क्षेत्रलाई सुरक्षित बनाउन पर्खाल लगाउन सम्झौता भएको थियो । स्थानीयवासीको श्रमदानसहित रु ५० लाख ३७ हजार दुई सय छमा माथिल्लो ताल क्षेत्र कटान नियन्त्रणका लागि विसं २०७९ फागुन १० मा सम्झौता भएको थियो। सम्पन्न गर्नुपर्ने विसं २०८० जेठ ११ भन्दा आयोजनाले दुई महिनाअघि नै उक्त तटबन्धन निर्माण गरेको हो।

पुनःबाढीपहिरो आउनुपूर्व उक्त क्षेत्रलाई सुरक्षित बनाउने उद्देश्यले काम गर्दा समयभन्दाअगावै सम्पन्न गर्न सफल भएको प्रमुख आचार्यले बताउनुभयो । "म एक्लैले काम पूरा गरेको होइन, सामूहिक कार्यले सफल भएका हौं, स्थानीयवासीको साथ, सहयोग र हाम्रा कर्मचारीको योगदानले नै समयभन्दाअगावै सम्पन्न गरी यस क्षेत्रलाई सुरक्षित बनाएका छौं", उहाँले भन्नुभयो।

तल्लो ताल क्षेत्र बस्ती संरक्षणका लागि तटबन्ध लगाउने कार्य पनि अन्तिम चरणमा पुगेको छ । तल्लो ताल क्षेत्र बस्ती संरक्षणका लागि श्रमदानसहित रु ७५ लाख १० हजार दुई सय ८८ मा विसं २०७९ चैत २१ गते निर्माण सम्झौता भएको थियो । विसं २०८० असार १५ गते निर्माण सम्पन्न गर्नुपर्ने संझौतामा उल्लेख छ । सङ्घ, प्रदेश र स्थानीय सरकारको सहयोग तथा समन्वयमा नदीको जोखिम न्यूनीकरण भएपछि यस क्षेत्रमा बस्ती बस्न थालेको नार्सों-१ का वडाध्यक्ष मीनराशी गुरुङले बताउनुभयो । जोखिम रहेको नदीको किनारमा तटबन्ध लगाएपछि तालगाउँबासी खुसी र सुरक्षित भएको प्रमुख आचार्यको भनाइ थियो। तालगाउँवासीलाई स्थानान्तरण गर्न सरकारले पहल गरे पनि स्थानीयवासी अन्यत्र जान नमान्दा यसै क्षेत्रमा बस्ती बसालने वातावरण बनेको हो । केही स्थानीयवासी विस्थापित भए पनि अधिकांश यही बसोबास गरेका छन्। उनीहरुको चाहनाविपरीत सरकारले पनि स्थानान्तरण गर्नुभन्दा सुरक्षित बनाउन तटबन्ध बनाइएको हो ।

बालुवामा चाहे जस्तो तटबन्धन बनाउन नसकिने इन्जिनियरको सल्लाह भए पनि स्थानीयवासी अन्यत्र जान नचाहेकाले नदी किनारमै तटबन्धन गरी बस्तीलाई सुरक्षित गरिएकाले स्थानीयवासी निर्धक्क भएर बस्न थालेका छन्।

"बाढीमा परेर मेरो घर पूर्ण क्षति भएको थियो, घरबारविहीन भएका थियौं, सङ्घ सरकारले रु पाँच लाख, प्रदेश सरकारबाट रु दुई लाख र स्थानीय सरकारबाट रु एक लाख सहयोग पाएका थियौं", स्थानीयवासी सिंह बहादुर गुरुङले भन्नुभयो, "तटबन्धले बस्ती सुरक्षित भएपछि सहयोगमा पाएको रकमले अहिले घर बनाएर बसेका छौं।"

यस गाउँलाई अन्यत्र स्थानान्तरण गर्न नचाहेको पनि होइन । तर यहाँका बासिन्दा अन्यत्र जान नचाहेकाले जोखिममा रहेको स्थानलाई जोखिम न्यूनीकरण गर्न तटबन्ध गरी सुरक्षित बनाएपछि बसोबास गर्न थालिएको हो।

त्यस्तै बाढीपहिरोबाट क्षति पुगेको मनाङको अन्य स्थानमा पनि पालुङटार कुन्डुटार सिँचाइ आयोजनाले सुरक्षित बनाउन तटबन्धको काम गरिरहेको छ । काठेपुल क्षेत्र बस्ती संरक्षणका लागि आयोजनाले तटबन्ध गर्ने काम गरिरहेको छ। उक्त क्षेत्रलाई सुरक्षित बनाउन विसं २०७९ चैत २१ मा सम्झौता गरी विसं २०८० असार १५ मा तटबन्ध निर्माण गर्ने लक्ष्य लिइएको छ। उक्त क्षेत्रलाई सुरक्षित बनाउन श्रमदानसहित रु ७५ लाख १० हजार दुई सय ८८ विनियोजन भएको छ । आयोजनाले तल्लो पिसाङ, चामे, दानाक्यु, थोंचे, धारापानी र खोत्रोमा मर्स्याङ्दी नदीले कटान गरेका क्षेत्रमा ग्याबिन पर्खाल लगाउने काम गरिरहेको आयोजना प्रमुख आचार्यले बताउनुभयो । उक्त क्षेत्रमा तटबन्ध गर्ने जिम्मा महादेवी खिम्ती नाना जेभीले पाएको छ। विसं २०८० वैशाख ११ मा तटबन्ध निर्माण सम्पन्न गर्ने गरी विसं २०७९ वैशाख १३ मा ठेक्का सम्झौता भएको थियो। तर उक्त क्षेत्रमा तटबन्ध निर्माणको समय सकिँदासम्म निर्माण सम्पन्न भएको छैन।